आँधिखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेतिदोभान, कृषि, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: ०७८/०७९ मिति: २०७८।०८।०५

# सूचना ! सूचना !! सूचना !!!

**समुदायमा आधारित पुनर्स्थापना सेवा (सिविआरयस)** द्वारा यस आँधिखोला गाउँपालिकाभित्र अपाङ्ग रहेका नागरिकहरुको लागि **अपाङ्गता सेवा सहयोग तथा स्वावलम्बन समूह कार्यक्रम** सञ्चालन हुन गईरहेकोले यस पत्रसाथ संलग्न कागजातमा उल्लिखित आवश्यक योग्यता पुगेका आँधिखोला गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गरिरहेका ईच्छुकले मिति २०७८/०८/०६ देखि एक हप्ताभित्रको अवधिभित्र यसै पत्रसाथ संलग्न गरिएको ढाँचामा आवेदन फाराम भरी आँधिखोला गाउँपालिका. गाउँकार्यपालिकाको कार्यालय, कृषि, स्याङ्गजामा पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

२०७८।८।५

..........................
युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Email: andhikholarm@gmail.com Website: http://aandhikholamun.gov.np
सम्पर्क नं:- ०६३-४१३०००, ०६३-४१३००१, ०६३-४१३००२, सूचना अधिकारी: ९८५६००५६०८
"कृषि र पर्यटन समुन्नत आँधिखोला गाउँपालिकाको आधार; सेवा, विकास, सुशासन र सम्बृधि नै हाम्रो कार्यभार"

# फिल्ड कर्मचारी आवश्यकता संवन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०५**

यस समुदायमा आधारित पुनर्स्थापना सेवा (सिविआरयस), नेपालको स्याङ्जा जिल्लाको आधिखोला गाउंपालिका वडा नं १ देखि ६ सम्मका गाउँहरुमा अपाङ्गता सेवा सहयोग तथा स्वाबलम्बन समूह प्रबर्धन कार्य गर्नका लागि निम्न लिखित **फिल्ड कर्मचारीहरु** आवश्यक परेको हुनाले आवश्यक योग्यता पुगेका ईच्छुक सम्बन्धित वडाहरुमा स्थायी रुपमा बसोबास गरीरहेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ । विज्ञापन प्रकाशन भएको मितिले ७ दिनभित्र (अन्तिम दिन सार्बजनिक विदाको दिन परेमा सो को भोलीपल्ट) कार्यालय समयमा रित पुर्वकको दरखास्त निम्न उल्लेखित ठेगानामा बुझाउन सकिने छ ।

## बिस्तृत बिबरण

**१. कार्य क्षेत्र तथा आवश्यक संख्या :**

| कसं | कार्यक्षेत्र | जिल्ला | कार्यकम | पद | संख्या |
|---|---|---|---|---|---|
| ६. | आधिखोला गाउंपालिकाका वडाहरु (१ देखि ६ सम्म) | स्याङ्जा | अपाङ्गता सेवा सहयोग तथा स्वबलम्बन समूह प्रबर्धन कार्यकम | सामुदायिक सहजकर्ता | ३ जना |

**२. आवश्यक न्यूनतम योग्यता :**

- २१ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ ।
- संबन्धित गाउंपालिकाको तोकिएको वडाहरु भित्रको स्थायी बासिन्दा तथा गाउमै बसिरहेको ब्यक्ति हुनुपर्ने छ । र छनोट परेका कर्मचारीले आफ्नो वार्ड र जोडिएको वार्ड गरी २ बटा वार्डका सबै गाउँमा पुगेर काम गर्न सक्ने हुनुपर्ने छ ।
- +२ वा सो सरह उत्रिर्ण भई अपाङ्गता, आर्थिकरुपले बिपन्न समुदाय तथा सामाजिक परिचालन संबन्धी कम्तिमा २ बर्षको कार्य अनुभव भएको हुनुपर्ने छ ।
- दुईपांग्रे सवारी साधन चलाउन सक्ने तथा सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने छ ।
- कम्प्युटर संबन्धी आधारभुत ज्ञान भएको हुनुपर्ने छ ।
- आवश्यकताको आधारमा अतिरिक्त समय दिन सक्नुपर्ने छ ।
- अपाङ्गता प्रति सकारात्मक, सिक्ने चाहना भएको र समूहमा काम गर्ने स्वभाव भएको हुनुपर्ने छ ।

**३. आवश्यक कागजातहरु :**काम गर्न चाहनुको कारण सहितको हस्त लिखित सक्कल निवेदन , व्यक्तिगत विवरण (बायोडाटा), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपी, सरकारी अस्पताल वा स्वास्थ्य चौकिमा स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाण पत्र, दुई प्रति पासपोर्ट साईजको फोटो, विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

**४ लिखित तथा अन्तरवार्ता छनौट परिक्षा:** रितपूर्वक पर्न आएका आवेदनहरु मध्ये प्रारम्भिक चरणको छनौटमा परेकालाई मात्र लिखित परिक्षामा सहभागीता गराईनेछ ।

**५. दरखास्त दिने स्थानहरु :**

क) समुदायमा आधारित पुनर्स्थापना सेवा (सिविआरयस.),नेपाल, प्रधानकार्यालय, शान्तिदर्शन मार्ग, नयांबजार, पोखरा ।
ख) संबन्धित पालिकाका वडा कार्यालयहरु
ग) इमेल (cbrsnepal@gmail.com) मार्फत पनि पिडियफ फाईल बनाई दर्खास्त पेश गर्न सकिने छ ।

६ रिफरेन्सको लागि २ जना ब्यक्तिको नाम, ठेगाना र सम्पर्क फोन नंम्बर पेश गर्नु पर्ने छ ।

**७. सेवा सुविधा :** संस्थाको नियमानुसार हुनेछ ।

**संयोजक**
**पदपुर्ति उपसमिती**
cbrsnepal@gmail.com

## फिल्ड कर्मचारीहरु छनोट गर्दा अन्तरवार्तामा ध्यान दिनुपर्ने कुराहरु

### २. मुल्याङ्कनका आधारभुत योग्यता, क्षमता र ब्यबहारिकता :

- उमेर २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ ।
- +२ वा सो सरह उत्रिर्ण भई अपाङ्गता, आर्थिकरुपले बिपन्न समुह तथा सामाजिक परिचालन संबन्धी कम्तिमा २ बर्षको कार्य अनुभव भएको हुनुपर्ने छ ।
- संबन्धित नगर/गाउंपालिका वडामा हाल स्थायी रुपमा बसोबास गरीरहेको वा बसीरहने हुनुपर्ने छ । र छनोट परेका कर्मचारीले आफ्नो वार्ड र जोडिएको वार्ड गरी २ बटा वार्डका सबै गाउँमा पुगेर काम गर्न सक्ने हुनुपर्ने छ ।
- कोभिड १९ नेगेटिभ भएको वा खोपको डोज पुरा भएको तथा अन्य दिर्घ रोगको निरोगिताको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।
- महिला उमेदवारको हकमा विवाहित भई बालबच्चा हुर्काइ सकेको आर्थात सन्तानको रहर पुरा भएको हुनुपर्ने छ ।
- दुईपांग्रे सवारी साधन चलाउन सक्ने तथा सवारी चालक अनुमतिपत्र प्राप्त गरेको लाई प्राथमिकता दिईने छ ।
- कम्प्युटर संबन्धी आधारभुत ज्ञान भएको लाई प्राथमिकता दिईने छ ।
- आवश्यकताका आधारमा अतिरिक्त समय दिन सक्ने हुनुपर्ने छ ।
- आफना कुराहरु समुदायमा, तथा बिभिन्न निकायहरुमा प्रभावकारी ढंगबाट राख्न सक्ने हुनुपर्ने छ ।
- स्थानिय स्तरका सामाजिक संघ संस्थाहरुमा कार्य गरेको अनुभव भएको हुनुपर्ने छ ।
- बैठक तथा तालिमहरुमा सहजिकरण तथा सञ्चालन गरेको अनुभव हुनु पर्ने छ ।
- पारिवारीक हिसावले स्वतन्त्र ब्यक्ति भएको हुनुपर्ने छ ।
- अपाङ्गताभएको ब्यक्तिको हकमा सेतो वा पहेंलो अपाङ्गता परिचय पत्र प्राप्तभएको हुनुपर्ने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुको हकमा माथि उल्लेखित योग्यता पुगेको हुनुपर्ने छ ।
- दिगोपनाको लागि स्थानिय स्तरमाकोष संकलन गर्न सक्ने क्षमता भएको हुनुपर्ने छ ।
- अपाङ्ता प्रति सेवा भाव भएको,सकारात्मक सोच भएको, घिन र लाज नमान्ने स्वभावको हुनुपर्ने छ ।
- लिखित, अन्तरवार्ता र प्रयोगात्मा प्रस्तुतिकरणमा पास भएका उमेदवारका लागिमात्र १५ तालमिमा पुरै दिन सक्रिय रुपमा सहभागी भएपछि मात्र करार नियुक्ति दिईने छ ।

९६